कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्ग, रसुवा
प्रदेश नं. ३, नेपाल

प.सं :०७४/७५
च.नं.:

## प्रेस विज्ञप्ती

मिति २०७५ साल वैसाख १६ गते नेपाल सरकार, उर्जा जलश्रोत तथा सिंचाई मन्त्री माननीय वर्षमान पुन र उहाँको साथमा प्रतिनिधि सभाका माननीय संसदद्धय हितबहादुर तामाङ र ई. मोहन आचार्य, उर्जा जलश्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री अनुपकुमार उपाध्याय र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक श्री कुलमान घिसिङ रसुवा जिल्लाको भ्रमणमा आउनु भएकोमा यस गाउँपालिकमा उहाँहरुको स्वागत कार्यक्रम आयोजना गरियो । सो अवसरमा यस गाउँपालिकाका उपाध्यक्ष श्री भवानीप्रसाद न्यौपानेबाट स्वागत मन्तव्य राख्दै यस क्षेत्रमा रहेका शिक्षा, स्वास्थ्य, खानेपानी, उर्जा, पुर्वाधार र भुकम्प पछिको पुननिर्माणको समस्याका वारेमा अवगत गराउनु भयो । कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य श्री माधव अर्याल र नेकपा माओवादी केन्द्रका जिल्ला अध्यक्ष श्री ईन्द्र गोतामे(जगतजंग)ले समेत उर्जा लगायतका क्षेत्रमा रहेका समस्या तथा अवसरका वारेमा माननीय मन्त्री ज्युलाई अवगत गराउनु भयो । प्रतिनिधि सभाका माननीय संसद ई.मोहन आचार्यले उर्जाको क्षेत्रमा रहेका समस्याहरुको उजागर गर्दै नेपाल सरकारले जनतालाई उर्जामा लगानी गर्ने वातावरण तयार गरी सो को प्रतिफल सुनिश्चीत गर्नु पर्ने धारणा राख्नु भयो । अन्त्यमा उर्जा जलश्रोत तथा सिंचाइ मन्त्री माननीय वर्षमान पुनले उर्जाको क्षेत्रमा रहेका समग्र समस्याहरुको हल गर्दै विकास हुदै गरेको रसुवा गढी अन्तर्राष्ट्रिय नाकाबाट रसुवाली जनताले आर्थिक लाभ लिनुपर्ने र पर्यटन, कृषि, उर्जा, सिंचाई र खानेपानी लगायतका क्षेत्रको एकिकृत रुपमा विकास गर्नु पर्ने धारणा राख्नु भयो ।

मिति २०७५/०१/१९ गते

२०७५/०१/१९

नि. प्रमुख प्रशासकीय अधिकृत